Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

प.सं.२०८२/८३
च.नं. १८८

मितिः २०८२/०८/२२

बिषयः **सूचना टाँस गराई दिने सम्वन्धमा ।**

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री जिल्ला प्रशासन कार्यालय, सिरहा।
श्री स्थानीय तह सबै, सिरहा ।
श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,
कार्यक्रम कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान, सिरहा ।
श्री वाली संरक्षण प्रयोगशाला, सिरहा ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार माटो स्वास्थ्य सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना यसै पत्र साँथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

.............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

**नरेन्द्र कुमार महासेठ**
**प्रमुख**
**दशौं तह**

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८२/८३
च.नं.

## माटो स्वास्थ्य सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना ।

**प्रथम पटक प्रकाशन मितिः- २०८२।०८।२२ गते**

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **माटो स्वास्थ्य सुधार कार्यक्रम** संचालन गर्न माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ ले तोके बमोजिमको शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी हरुले सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र (मिति २०८२/०९/२२ गते सम्म) तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**आवश्यक कागजातहरु:**

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. आवेदक कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी को हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी को हकमा कार्यक्रम माँग गर्ने सम्बन्धि कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी हरुले माटो सुधारको लागि माँग गरिने कृषि सामग्रीहरु (कृषि चुन, ढैचा, मुङ्ग तथा सनई) को लागि जग्गाको धनि लालपुर्जा तथा लिजमा लिएको जग्गाको जग्गाधनि पूर्जा र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।
५. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी को हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी ।
६. कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी को हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।
७. प्राङ्गारिक तथा गँडयौले मल उत्पादन गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/फर्म/कम्पनी हरुले सम्बन्धित स्थानीय तहको कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।

**अनुदानका शर्तहरु:**

१. कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी हरुले देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्नका लागि आवेदन दिन सक्ने छ ।
   क. कृषि चुनमा सहयोग (प्रदेशको माटो तथा मल परीक्षण प्रयोगशालाबाट माटो परिक्षण गराएको प्रतिवेदनको आधारमा)
   ख. प्राङ्गारिक तथा गँडयौले मल उत्पादनमा सहयोग (पुँजिगत तथा चालु प्रकृतिका खर्चहरु)
   ग) हरियो मलको वीउ बितरण (ढैचा, मुंग, सनई)
२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिइको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।
३. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको कृषक/कृषक समूह/कृषि सहकारी/फर्म/कप्पनी हरुलाई प्राथमिक्ता दिईनेछ ।
४. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७. विशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१ र मो.न.९८५२८३७४६५ मा सम्पर्क गर्न सकिन्छ ।

..............................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महासेत